# शनिअर्जुन नगरपालिका कार्यालय
## शनिश्चरे, झापा

**आपूर्तिकर्तालाई सूचिकृत हुन तथा प्राविधिक प्रस्ताव पेश गर्न आउने सम्वन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०७३/०९/२१**

यस शनिअर्जुन नगरपालिका क्षेत्रको विभिन्न स्थानमा जनसहभागितामा आधारित सौर्य सडक बत्ती जडान गर्ने कार्य सम्पन्न गर्न निम्न योग्यता पुगेका आपूर्तिकर्ताले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र फारम खरिद गरी कार्यालय समयमा नगरपालिका कार्यालयमा शिलबन्दी प्रस्ताव पेश गर्न हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१) आपूर्तिकर्ता कम्पनी/संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा आ.व. ०७३/७४ का लागि सूचिकृत भएको प्रमाणको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. ०७३/७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि हुनुपर्नेछ ।

२) आपूर्तिकर्ताको विगत ५ (पांच) बर्ष मध्ये सबभन्दा बढी कार्य गरेको ३ (तीन) वर्षको लागि टर्नओभर कम्तिमा रु ९० लाख वा सो भन्दा माथिको हुनुपर्नेछ ।

३) आपूर्तिकर्तासंग कम्तिमा दुई वटा योजना ५० वटा वा सो भन्दा माथिको संख्यामा सौर्य सडक बत्ती जडान गरेको अनुभव हुनुपर्नेछ ।

४) कम्तिमा ५ वर्ष सोलार सम्वन्धी कार्य गरेको अनुभव हुनुपर्नेछ ।

५) आपूर्तिकतासंग कार्यक्रम लागतको कम्तिमा १/६ बराबरको Line of Credit Facilities वा Cash Flow मौज्दात रहेको हुनुपर्नेछ ।

६) आपूर्तिकतासंग १ जना ईलेक्टिकल इन्जिनियर र २ जना ईलेक्टिकल सब- इन्जिनियर जनशक्ति भएको हुनुपर्नेछ ।

७) आपूर्तिकर्तासंग २ वटा भऱ्याङ र २ वटा मिनि ट्रक (भाडामा लिएको भए सम्झौता पेश गर्नुपर्ने) व्यवस्था गरेको हुनुपर्नेछ ।

८) आपूर्तिकर्ता कम्पनी कालो सुचीमा परेको हुनु हुने छैन ।

९) जडान गर्नुपर्ने सडक बत्तीको स्पेशीफीकेसन नगरपालिका कार्यालयबाट रु ३०० तिरी (रकम पछि फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ ।

१०) अन्य कुराहरु प्रचलित कानून अनुसार शनिअर्जुन नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ । यस सम्वन्धी सम्पूर्ण अधिकार नगरपालिका निहित रहनेछ ।

११) थप जानकारीको लागि यस शनिअर्जुन नगरपालिका कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

मनोज राउत
कार्यकारी अधिकृत

Email . saniarjunmunicipality@gmail.com Contact No 023465502